यस अघि भारतीय एसएसबीले ब्रह्मदेब बजारदेखि भारतीय भूमिसम्म निर्माण हुने सडक निर्माण पनि रोकेको थियो । एसएसबीले सीमा विवादको कारण देखाउँदै सडक निर्माण रोकेको थियो । टकनपुर बाँध नजिकको नेपाली भूमिमा सडक निर्माण रोकिए पनि आफ्नो क्षेत्रमा भने भारतले पक्की सडक बनाएको छ । भारतीय एसएसबीले कल्भर्ट निर्माण रोक्का गरेपछि भीमदत्त नगरपालिकाले कल्भर्ट निर्माण कार्यमा सहयोगका लागि राजनीतिक दल र संघीय सरकारको साथ खोजेको छ । नेकपा (एमाले) कञ्चनपुरले कल्भर्ट निर्माणका लागि कुटनीति पहल गर्न सरकारसँग माग गरेको छ ।

एमाले जिल्ला कमिटीको मंगलबार बसेको पूर्ण बैठकले भारतीय एसएसबीका कारण अवरोध भएपछि निर्माण रोकिएको सडक निर्माण कार्य पुनः सञ्चालनका लागि कुटनीतिक पहल गर्ने निर्णय गरेको हो । एमालेले बुधबार पार्टी कार्यालयमा पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको प्रेस बक्तव्यको १२ नं. बुँदामा सरकारसंग कुटनीतिक पहलका लागि गरिएको निर्णय उल्लेख गरिएको छ । भीमदत्त नगरपालिका ९ का अध्यक्ष राम नाथले एसएसबीले अनावश्यक रुपमा कल्भर्ट निर्माण कार्यमा अवरोध गरेको बताए । 'पहिला पनि सडकमा अवरोध गरेको थियो, अहिले कल्भर्ट पनि अवरोध गरेको छ' उनले भने ।

एसएसबीले कल्भर्ट निर्माणमा अवरोध गरेपछि सीमा सरोकार समूहले परराष्ट्र मन्त्रालयसम्म निर्माण सहज बनाउन पहल गरेको छ । सीमा सरोकार समूहका संयोजक पल्लवराज भट्टले निर्माण कार्य अवरोधलाई मन्त्रालयसम्म पुगाएका छन् । निर्माण कार्यमा अवरोध गरिएपछि सीमा सरोकार समूहको टोलीले स्थलगत निरीक्षण गरी जानकारी समेत लिएको थियो । भीमदत्त नगरपालिकाले बाह्य चक्रपथ अन्तर्गत ८८ किलोमिटर सडक बनाउन लागेको हो । अहिले बाह्य चक्रपथ अन्तर्गत जैविक धार्मिक पर्यटकीय मार्गको ब्रह्मदेब तिल्केनी खण्ड, शुक्लाफाँटा पर्यटन मार्गमा सडक कालोपत्रे निर्माण अघि बढेको छ । भीमदत्तले बाह्य चक्रपथसँगै २६ किलोमिटरको भित्री चक्रपथ पनि बनाउन शुरु गरेको छ ।

## चालकलाई अभिमुखिकरण



जिल्ला ट्राफिक प्रहरी कार्यालयले सवारी दुर्घटना न्यूनिकरण गर्नका लागि चालकलाई अभिमुखिकरण गराएको छ । यातायात व्यवस्था कार्यालयबाट नयाँ सवारी चालक अनुमति पत्र लिएका सवारी चालकका लागि अभिमुखिकरण कार्यक्रम गरिएको छ । चाडवाडका बेला मुख्य गरेर मदिरा सेवन गरेर सवारी साधन चलाउने, क्षमता भन्दा बढी यात्रु बोक्ने र तीव्र गतिमा सवारी साधन हाँक्दा दुर्घटना बढ्ने भएकाले सवारी दुर्घटना न्यूनिकरण गर्नका लागि चालकलाई अभिमुखिकरण गराएको हो ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय कञ्चनपुरका प्रमुख प्रहरी निरीक्षक केशव भट्टले राजमार्ग लगायतका क्षेत्रमा हुने सवारी दुर्घटना न्यूनिकरण गर्नका लागि समयमै चालकलाई अनुशिक्षण गराइएको बताए । 'सवारी दुर्घटना हुनुभन्दा पहिले नै चालकलाई अभिमुखिकरण गराएका छौं, 'उनले भने, 'सवारी दुर्घटनामा मुख्य जिम्मेवार चालक नै हुन्छ, चालक सहि भए दुर्घटनाबाट बाँच्न सकिन्छ ।' कार्यक्रममा सुदूरपश्चिम प्रदेश प्रहरी प्रमुख नायब महानिरीक्षक पुरुषोत्तम कँडेलले सुदूरपश्चिममा सवारी दुर्घटना न्यूनिकरणका लागि सबै प्रहरी यूनिटलाई निर्देशन दिँदै, चालक, यातायात व्यवसायी एवं मजदुर, यात्रुसबै पक्षलाई समयमै सचेत हुन आग्रह गरे । महाकाली यातायात व्यवसायी प्रालिका अध्यक्ष डम्बर पन्तले सवारी दुर्घटना न्यूनिकरणका लागि व्यवसायिकका तर्फबाट आवश्यक उपाय अपनाउने बताए ।

कञ्चनपुरमा ट्राफिक प्रहरीले सवारी दुर्घटनाबाट नागरिकको ज्यान गुमाउनबाट जोगाउनका लागि सचेतना, राजमार्ग, बजार, सवारी साधनको चाप हुने स्थानमा चेकजाँच एव बेला बेलामा सचेतनाका कार्यक्तम सञ्चालन गरिहेको छ । कार्यक्रममा लामो समयदेखि यहाँ यात्रु बाहक बस चलाउँदै आएका अग्रज चालकले ट्राफिक नियम पालन गरेका, दुर्घटना नगराएका र यात्रुलाई सम्मानजनक व्यवहार गर्ने गरेकाले सवारी चालक अनुशिक्षण तथा अन्तर्क्रियामा सुदूरपश्चिम प्रदेश प्रहरी प्रमुख पुरुषोत्तम कँडेलले सम्मान गरेका हुन् । सम्मानित हुनेहरुमा महाकाली यातायात प्रालिका नवराज जोशी, पवनदूत यातायात कम्पनीका कर्णबहादुर थापामगर, सुनौलो महाकाली यातायात समितिका सुरेन्द्र बोहरा र पवनदूत यातायात एण्ड अटो म्यानेजमेन्ट प्रालिका रमेश बहादुर सिंह छन् । त्यसैगरी नमस्ते शुक्लाफाँटा यातायात प्रालिका गणेश सिंह खत्री, सिद्ध बैजनाथ यातायात प्रालिका जानकी लुहार र कञ्चनपुर अटो यातायातका मदननाथलाई पनि सम्मान गरिएको थियो । प्रहरी नायब महानिरीक्षक कँडेलले ट्राफिक नियम पालन गरेर दुर्घटना न्यूनीकरणमा सबैको ध्यान जानु पर्नेमा जोड दिँदै चाडपर्वका बेला दुर्घटना बढी हुने भएकाले प्रदेशभर ट्राफिक नियम र सचेतनासम्बन्धी कार्यमा प्रहरी सक्रिय रहने बताए ।

## जनमोर्चा कञ्चनपुरले भन्यो,'अवैध जग्गा प्रकरणमा संलग्न छैनौं'




राष्ट्रिय जनमोर्चा कञ्चनपुरले तत्कालिन महेन्द्रनगर नगर विकास समितिबाट अवैध रुपमा जग्गा लिने नेता कार्यकर्तालाई कारवाही गर्ने घोषणा गरेको छ । जनमोर्चा कञ्चनपुरले बिहीबार विज्ञप्ति सार्वजनिक गर्दै जनमोर्चाको नाममा अवैध जग्गा प्रकरणमा संलग्न देखिए कारवाही गर्ने घोषणा गरिएको हो ।

जनमोर्चाले अवैध जग्गा प्रकरणमा संलग्नलाई कारवाहीको दायरामा ल्याउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग, भीमदत्त नगरपालिका र स्थानीय प्रशासन सबै निकायलाई सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरेको छ । 'यो प्रकरणमा हाम्रो पार्टी कहीकतै संलग्न छैन, यदि पार्टीका नामले कही नगर विकासको अवैध जग्गा प्रकरणमा संलग्न रहेको पाईएमा आवश्यक कारवाही गर्ने र हाम्रो पार्टी राष्ट्रिय जनमोर्चा कञ्चनपुरको तर्फबाट अवैध जग्गा प्रकरणमा संलग्न व्यक्तिहरुलाई कारवाही गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग, भीमदत्त नगरपालिका, स्थानीय प्रशासनलाई सहयोग सर्मथन गर्ने प्रतिबद्धता जाहेर गर्दछौं' जनमोर्चा कञ्चनपुरका अध्यक्ष राम बहादुर कार्कीद्वारा सार्वजनिक विज्ञप्तिमा भनिएको छ । जनमोर्चाले अवैध जग्गा प्रकरणमा सत्तारुढ दलका नेता कार्यकर्ता र केही भू-माफिया संलग्न रहेको विज्ञप्ति मार्फत सार्वजनिक गरेको छ । जनमोर्चाले विगतदेखि सर्व दलीय, सर्वपक्षिय, बैठकमा नगर विकासको अवैध प्रकरणमा संलग्नलाई कारवाहीको माग गर्दै आएको उल्लेख गरिएको छ ।

'नगर विकास समितिको लिज प्रकरणका सन्दर्भमा आफ्ना विचार प्रष्ट राख्दै अवैध जग्गा प्रकरणमा संलग्न जो कोहीलाई पनि कारवाही गर्न जोडदार माग राखेका थियौ र अहिले पनि हाम्रो पार्टी उक्त विषय प्रष्ट छ,' विज्ञप्तिमा भनिएको छ । बिहीबार एमालेले अवैध जग्गा लिने नेता कार्यकर्तालाई कारवाही गर्ने समाचारमा राष्ट्रिय जनमोर्चाको नेता कार्यकर्ता पनि संलग्न रहेको सार्वजनिक भएकोमा जनमोर्चाले ध्यानाकर्षण गर्दै आफूहरु संलग्न नभएको दाबी गरेको छ । 'उक्त समाचारमा अवैध जग्गा लिने सबैभन्दा बढी एमाले, माओवादी केन्द्र, नेपाली कांग्रेस, राष्ट्रिय जनमोर्चा लगायत दलका नेता कार्यकर्ता छन् भनेर हाम्रो राष्ट्रिय जनमोर्चाको नाम समेत मुछिएको छ' विज्ञप्तिमा भनिएको छ, 'समाचारमा भनिएझै राष्ट्रिय जनमोर्चा अवैध जग्गा प्रकरणमा कहीकतै संलग्न नरहेको प्रष्ट गर्दछौं ।' नेकपा एमालेले बुधबार संलग्न देखिए कारवाही गर्ने घोषणा गरेको थियो ।।


**नेपाल नागरिक उड्डयन प्राधिकरण**
**नेपालगंज नागरिक उड्डयन कार्यालय**
नेपालगञ्ज, बाँके ।

**भूल सुधार**

मिति २०७८/०६/०८ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित **गृह आश्रय बहाल सम्बन्धि बोलपत्र आव्हानको सूचना (विज्ञापन नं. ०२/०७८/७९)** को विज्ञापनमा **प्रथम पटक प्रकाशित मितिः २०७८/०६/०८** हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

**आवश्यकता**

यस क्लवको लागि निम्न संख्यामा दक्ष खेलाडिहरुको आवश्यकता परेको हुँदा इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र उल्लेखित ठेगानामा आवेदन दिनुहुन अनुरोध छ ।

| सि.नं. | पद | संख्या | अनुभव |
|---|---|---|---|
| १ | क्रिकेट खेलाडि | ४ | सम्बन्धित पदमा दक्ष |

**सम्पर्क ठेगानाः**
क्लबको नामः ललितपुर प्रेटियस
इमेलःlalitpurpretious@gmail.com

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मिति २०७८/०५/३१ को निर्णयानुसार यस गोल्डेन फुड क्याफे प्रा.लि. कम्पनीको नाम परिवर्तन गरी उक्त कम्पनीको ऋण, धन, दायित्व आदि परिवर्तित कम्पनी **स्मार्क क्याफे प्रा.लि. (Smark Cafe Pvt. Ltd.)** ले सकार्ने व्यहोर्ने गरी नाम परिवर्तन गर्ने सम्बन्धमा स्वीकृति प्राप्त भएको हुँदा सोही व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**स्मार्क क्याफे प्रा. लि.**
**(Smark Cafe Pvt. Ltd.)**
(प्रा.लि.नं.: २०७६८२/०७५/०७६)
का.जि.का.म.न.पा. वडा नं. ३

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**मालपोत कार्यालय काभ्रेपलाञ्चोक**

**हक दाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

**प्रकाशित मिति २०७८/०६/०८**

जग्गाधनी हिमाल निटिङ एण्ड ह्यान्डीक्राफ्ट इन्डष्ट्रिज नामक उद्योग प्रोप्राइटर तेज बहादुर डुकान रहेको उद्योगको नाउँमा दर्ता श्रेस्ता कायम रहेको काभ्रेपलाञ्चोक जिल्ला नाड्गुम बालुवा वडा नं. २ कित्ता नं. ४७० क्षेत्रफल ६-१४-१-३ भएको जग्गा प्रोप्राइटर तेज बहादुर डुकानको मिति २०७६/०१/२३ मा मृत्यु भएकोमा हामी हकदारहरुको नाउँमा उल्लेखित कित्ता जग्गा नाउँ सारी गरी पाउँ भनि श्रीमती कल्पना डुकान, छोराहरु कञ्चन डुकान र विशाल डुकानले माग निवेदन गरेकोमा उल्लेखित कित्ता जग्गा यस कार्यालयको अभिलेखामा र. नं. ६४२४ मिति २०६०/०२/०६ को लिखतबाट तपाईं माथवर सिं को नाति धर्मराजको छोरा स्याङ्जा जिल्ला फेदिखोला-५, बस्ने नर बहादुर गुरुङको नाउँमा दृष्टिबन्धकी रहेको हुँदा यो सार्वजनिक सूचना प्रकाशित भएको बाटोको म्याद बाहेक ३५ दिनभित्र आफुसँग भएको सबुद प्रमाणसहित यस कार्यालयमा दाबी जिकीर गर्न आउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अन्यथा निवेदकको माग दाबी बमोजिम ऐन, नियमानुसार नामसारी भै जाने व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कथा

# मेरो सपना र उ !

उसले मलाई सम्झन्छ सम्झदैन जान्दिनँ तर, सधैं चोखो मनले सम्झेर बाँचेको छु म । भेटिहाले उसले मलाई चिन्लान् न चिन्लान् तर म अवश्यै ठम्याउनेछु । मैले मेरी श्रीमतीको हात समातेर भने: 'तिमी मेरो जिन्दगी हौ भने उ मेरो सपना अनि मेरो प्रेम ।



■ विष्णु ठकुरी

उ बाहिरी सौन्दर्यको हिसाबले त्यति राम्री होइन, नराम्री पनि भन्न नमिल्ने, दुब्ली पातली, साधारण अनि सरल स्वभावकी मलाई खुबै मनपर्यो । मैले धेरै मन पराए पनि उसले मलाई मन पराउँथी या पराउँदिनथी मलाई थाहा भएन ।

हामी एउटै कक्षमा पढ्थ्यौ, तर स्कुल भिन्दा भिन्दै ।

एउटा सानो झोडाले छुट्टिएको केटा स्कूल र केटो स्कुल । हामी एउटै उमेरका थियौ सायद । नवौं श्रेणी पुग्दा मैंले उसलाई देखेको, भनौ मन पर्न थालेको तर कहिल्यै बोलाउने आँट भएन । त्यस समय गाडीहरु धेरै थिएनन् र टाढा-टाढाबाट पैदल नै स्कुल आउने जाने गरिन्थ्यो । उ पनि पैदल हिलकार्ट रोडबाट नै आउँथी । सिपाहीधुरा टुङ्ग दिलाराम सुनदह कताबाट आउँथी कुन्नि थुप्रै



केटाहरू केटीहरू हुन्थे । तर उ भने केही अघि प्राय: एक्लै हुन्थी ।

उसलाई मन पराउन थालेपछि म पनि घरबाट अलि चाँडै आएर रेलवे लाइन भएर स्कुल आउने गर्थे । दुवै स्कुल एउटै समयमा लाग्ने हुँदा उ पनि उसको स्कुल जाने बाटोमा आइपुग्ने । उसको दर्शन पाएपछि म लुरुलरु स्कुल पुग्थैं, ढुक्क भएर । किन हो कुन्नि उसलाई देखेपछि कक्षामा पुगेर पढ्ने जोश चल्थ्यो र पढाईमा ध्यान लगाउँथे । म जहिले पनि कक्षामा प्रथम हुन्थे । सधैं उत्साहित भएर पढ्ने गर्थे । प्राय: छात्रहरू मेघावी थिए र एकार्कामा प्रतिस्पर्धा हुने गर्थ्यो ।

उसँग कुनै बातचीत नै नभईकन एक बर्ष बित्यो, दुवै दशौं कक्षमा पुग्यौं । यसपाली भने उसले पनि मलाई हेरेर मुसुक्क हाँसे जस्तो लाग्यो । मेरो खुशीको सीमा रहेन । स्कुल पछि पनि म उसलाई हेर्न निस्कन्थे । अनि उ आफ्नो बाटो लाग्ने, म आफ्नो ।

देखादेख, हेराहेर त भयो तर नजिक भएर बात गर्न कहिल्यै आँट पनि आएन यात अनुकूल पनि भएन भौं । उप्रति मेरो माया र प्रेम दिनदिनै बढ्दै गइरहेको थियो, धेरै माया र प्रेमको कुराहरू भन्नु बाँकी थियो । मेरो सपना मेरो जपना उ नै थी । स्कुल सिद्धिने समय नजिक थियो ।

स्कुल फाइनलको परीक्षा पछि आ-आफ्नो गन्तव्य तिर लाग्नुपर्ने र एकदिन आँट गरेर एउटा सानो सादा कागजमा 'मेरो धेरै माया छ तिमीलाई' यति मात्र लेखेर एउटा आफ्नो पाठ्यपुस्तकमा चेपेर एउटी बहिनीको हातबाट दिन लाएँ । मन ढुकढुक भएथ्यो ।

उसलाई मन पराउन थालेपछि म पनि घरबाट अलि चाँडै आएर रेलवे लाइन भएर स्कुल आउने गर्थे । दुवै स्कुल एउटै समयमा लाग्ने हुँदा उ पनि उसको स्कुल जाने बाटोमा आइपुग्ने । उसको दर्शन पाएपछि म लुरुलरु स्कुल पुग्थैं, ढुक्क भएर । किन हो कुन्नि उसलाई देखेपछि कक्षामा पुगेर पढ्ने जोश चल्थ्यो र पढाईमा ध्यान लगाउँथे ।

अर्कोदिन कसैको हातबाट जवाफमा 'हाम्रो पढने बेला हो ।' भन्ने लेखिएको देखेर मन खिन्न भयो । आफैलाई दोषी पाएँ । आत्माग्लानी भयो र अब उसो उसलाई मेरो अनुहार कहिल्यै देखाउने छैन भनेर प्रण गरे । त्यसपछि म स्कुल आउँदा केही छिटो आउन थाले अनि स्कुलको मैदानको बारबाट चियाएर उसलाई याने मेरो सपनालाई चुपचाप हेर्ने एउटा नियम बन्यो तर, उसलाई आफ्नो अनुहार देखाइनँ । मलाई सधैं झैं न देख्दा उसको आँखाले मलाई नै खोजेको अनुभुत हुन्थ्यो प्रत्येक दिन । तर, म विवश थिए प्रण जो गरेको थिए । उसको हँसिलो मुहार अघि राखेर पढ्ने बानी बसेको थियो । उसैलाई सम्झेर एकहोरो भएर पढी रहन्थे म ।

ठण्डा महिनाको विदा पछि मार्चमा स्कुलको फाइनल परीक्षा पनि सकियो । परीक्षा फलपछि मलाई दार्जिलिङको सन्त जोशेफ कलेज जाने पक्का भएको थियो । रिजल्ट आयो मैंले तीनवटा विषयमा तारासहित डिस्टिङ्गसन् लिएर पास गरेछु । तर, उनी असफल भएको खबरले म ज्यादै दुखी भएँ । पढ्नमा त राम्रो नै थी, सायद मेरो कारणले नै उ आफ्नो पढाईमा ध्यान दिन सकिन कि ? आफैंले चै हाम्रो पढने बेला हो भनेर मलाई प्रोत्साहित गर्ने आफै नै हतोत्साही बनेँछ ।

म कलेज जान थाले उप्रतिको मेरो माया र प्रेम यथावत् मेरो मुटुमा अंकित थियो । अर्को वर्ष उसले परीक्षा पास गरेको खबर सुने, ढुक्क लाग्यो । साथै विशेष प्रशिक्षण लिन अन्त कतै गइसकेको पनि थाहा लाग्यो । अब भने बादल पन्छाएर या कुरोको चेपबाट चियाएर हेर्ने सम्भावना पनि रहेन ।

कलेजको अध्ययन सकियो, मलाई फेरि उच्च शिक्षा लिन काठमाडौं पठाइयो । त्रिभुवन विश्वविद्यालयबाट मैले आफ्नो रुची अनुरूप शोधकार्यपश्चात वहीं उच्च पदमा नियुक्ति पाएँ । म काठमाडौं कै बासिन्दा बने । तर, म मेरो कर्मस्थल, बासस्थान जहीं भए पनि मेरो हसिलो, मेरो सपना उसलाई हृदयबाट निकाल्नु सकिनँ । तर किन ? यसको उत्तर मसित थिएन । म स्वयम् अचम्भित थिए ।

उ पनि काठमाडौं आएकी रहिछ । एकदिन विशाल बजारमा एक शिष्ट महिलासँग केही सामान हेर्दैथी । टाढाबाट हेरे, उस्तै रहिछन्, साधारण सरल स्कुल पढ्दा जस्तै । साडी लगाएकी, निधारमा टीका सपक्क केश, कुनै बदलाव थिएन । एकक्षण धेरै रमाए । बोलाउन त सकिन, मेरो पहिलेदेखिकै कमजोरी नै यहि हो । विकल्प थिएन, लाचार म । किनमेल सिध्याएपछि एउटा ट्याक्सी चडेर उनी ओझेल भएको हेरिरहे ।

मैले पनि बिहे गरे । छोराछोरीहरू अनि नाता नातिनीहरूले घेरेको म बुढो मान्छे भइसकेको । उसको पनि घरजम भयो होला, म जस्तै बुढी भइहोली । किन-किन उसको सम्झना आइरहन्छ । संसार छोड्न अघि एकपल्ट देख्न पाए हुन्यो, यस्तैं के-के सोचेर बसिरहेथे । मेरी श्रीमती आएर के सोचेर बस्नु भाको भन्दा झस्केर केही होइन भन्न बाध्य भए । तर तिनले जिद्दी गरी, आजसम्म कसैसँग मेरो अछुन्न प्रेम कथाको प्रसंग साझा नगर्ने मान्छे म विगतका ति स्कुले जीवनमा कलिलो उमेरमा पलाएको माया प्रेम वृत्तान्त सुनाउन थाले । उ ट्वाल्ल परेर आँखामा आशु लिएर सुनिरही । एकक्षणमा उठेर उ भान्साघरमा गई अनि दश पन्ध्र मिनेटमा दुइ प्याला तातो चिया र केही तातो तातो पकौडा लिएर आई । मेरो छेवैमा बसेर भन्न थाली 'उसो भए एकपल्ट दार्जिलिङ जाउँ न हामी र सोध खोज गरेर भेटौंला हुन्न । कसैले त अवश्यै बताउला नि ।' मेरी स्वास्नीको कुरा सुनेर मन हल्का भयो र भने तिमी मेरो जिन्दगी उ मेरो सपना । मर्न अघि एकपल्ट उसको दर्शन होस् भन्ने सपना मसित नै बाँचेको छ । मसित नै मर्नेछ ।

उसले मलाई सम्झन्छ सम्झन्दैन जान्दिनँ तर, सधैं चोखो मनले सम्झेर बाँचेको छु म । भेटिहाले उसले मलाई चिन्लान् न चिन्लान् तर म अवश्यै ठम्याउनेछु । मैले मेरी श्रीमतीको हात समातेर भने: 'तिमी मेरो जिन्दगी हौ भने उ मेरो सपना अनि मेरो प्रेम ।

लघुकथा

तिलक तरामी



# चेतना

चेतन पनि शहर फर्क्यो । त्यसको तीन महिनापछि गाउँमा झाडा पखालाको महामारी नै फैलिएछ । थुप्रै मान्छेहरु हताहत भएछन् । काकाको श्रीमति र नातिनीको पनि हैजाकै कारणले मृत्यु भएछ । काका पनि सिकिस्त भएछन् । उनलाई उपचारको लागि शहर लगियो । एक अस्पतालमा उनको उपचार हुँदै थियो ।

'फोहर यस्तो जथाभावी फाल्नु हुन्न । कुहिने फोहरहरू छुट्टाएर कम्पोष्ट मल बनाऔं । नकुहिने फोहरहरूको उचित व्यवस्थापन गरौं । यत्ति गर्न सक्यौं भने हाम्रो गाउँ सफा हुन्छ र फोहरबाट लाग्ने विभिन्न किसिमका रोगहरूबाट बच्न सकिन्छ ।' चेतनले गाउँलेको भेलामा भन्यो ।

'धेरै जान्ने नबन् । दुई चार महिना शहर के बसेथ्यो, खुबै डाक्टर बन्दो रैछ ।' तल्लाघरे काका बोल्नु भयो ।

उपस्थित अरूले पनि काकाको बोलीमा, हो मा हो मिलाए । चेतनले गाउँवासीलाई बुझाउनै सकेन् किनकी त्यहाँ जन-चेतनाको कमि थियो ।

चेतन पनि शहर फर्क्यो । त्यसको तीन महिनापछि गाउँमा झाडा पखालाको महामारी नै फैलिएछ । थुप्रै मान्छेहरू हताहत भएछन् । काकाको श्रीमति र नातिनीको पनि हैजाकै कारणले मृत्यु भएछ । काका पनि सिकिस्त भएछन् । उनलाई उपचारको लागि शहर लगियो । एक अस्पतालमा उनको उपचार हुँदै थियो ।

चेतनले पनि यो कुरा थाहा पाएर काकालाई भेट्न अस्पताल गयो ।

'नमस्ते काका ! अहिले हजुरलाई कस्तो छ ?'

नमस्ते फर्काउँदै काका बोले, 'अहिले अल्लि विसेक भएको छ बाबु । बुढी र नातिनीलाई यो हैजाले लगिहाल्यो । म मर्नु न बाँच्नु भएको छु ।'

'अब ठिक हुन्छ काका, आत्तिनु पर्दैन् । यो सबै हाम्रो सरसफाईको कमिले हो । हामी आफू पनि सफासुघ्घर हुनुपर्छ र हामी बस्ने गाउँको पनि सरसफाई गर्नुपर्छ ।' 'हो काका ! चेतनजीले ठिक भन्नु भएको छ । सरसफाईले धेरै रोगहरू लाग्नबाट बचाउँछ ।' डाक्टरले भने ।

डाक्टरले पनि चेतनकै कुरामा सहमति जनाएपछि बल्ल काकाको चेत खुल्यो । काकाले चेतनको हात समातेर भने, 'मलाई माफ गर बाबु । पहिले तिमीले भनेको मानिन् । अहिले मैले त्यसैको सजाय भोग्दै छु । आफैलाई नपरे सम्म नबुझिने रहेछ । तिमीले पढेर बुझ्यौ, मैले परेर बुझें ।'

'हो काका, हजुरले ठिक भन्नु भयो ।'

'अब हामी दुई जना मिलेर गाउँमा सरसफाई र स्वास्थ्य सम्बन्धि चेतनाको दियो बाल्नु पर्छ है बाबु !' काका बोले ।

प्रतिउत्तरमा चेतन खुशी हुँदै बोल्यो, 'हुन्छ नि काका !'

कविता

## आफ्नै संस्कारमा रमाऊ



ताराकुमार थापा

तिम्रो कवाजले नेपाली झनै डराए
आशा थियो यहाँ चाहाना त्यसै हराए ।
इच्छा भएर माथिल्लो खुड्किलो समायौ
आफ्नो रवाफ देखायौ झन् तिमी रमायौ ॥ १

नेतृत्व आज आफू सस्ता भएर आए
आफ्ना सबै अँगालोमा बसेर खाए
सौन्दर्य देश हाम्रो यो विश्व फैलिएको
देखाइ रामलीला जो हेर मैलिएको ॥ २

यो देश वीरका गाथा त्यो भुलेर आयौ
तिम्रा हुँदा मितेरी आफ्ना सबै बचायौ ।
नेपाल आज आफू हाँसेर बाँच्नुपर्ने
हाम्रो खुशी उचाली संसार ताक्नुपर्ने ॥ ३

हाम्रा कथा हराए हामी हराउछौं झन्
आफ्ना व्यथा जगाए आफै डराउछौं झन् ।
माला उनेर जो आऊ आज स्वर्गभित्र
फुल्नेछ फूल हाम्रा मस्तिष्कमा बिचित्र ॥ ४

हाम्रा उचाइ बढ्नेछन् ती हिमाल हेर्दा
नेपाल स्वर्ग हाम्रो आहा ! मुहार फेर्दा ।
त्यहीँ छ मूल्य यो नेपाली धरा समाऊ
भाषा र भेष आफ्नै संस्कारमा रमाऊ ॥ ५

भातृत्व एकता यो देखाइ विश्वमाझ
पौरख गर्नु आ आफू देश बन्दछ ताज ।
जोगाइ देश हाम्रो आफै उठेर आऊ
देखाइ विश्वमा राम्रा छाप जो बनाऊ ॥ ६

छन्द:दिक्पाल

## पाँच मुक्तकहरू



मन्जु थापा, गुल्मी

(१)

भित्रभित्रै आजकल यहाँ आत्मा मेरो मरेको छ
माया तिमीले नबुझ्नाले चोट यहाँ परेको छ ।
हरदम तिम्रै यादमा बस्दा तिमीले वास्ता नगरेसी
कयौं पल्ट भक्कानिएर आँशु मेरो झरेको छ ॥

(२)

तिम्रो लागी कति रोए कति छुटे इष्टमित्र
सबैभन्दा बढी माया गर्थे तिम्लाई मूटुभित्र ।
तिमीले कहाँ बुझेयौर खै, निस्वार्थ त्यो माया
हट्न कहाँ सक्छर खै, मुटुभित्र छापिएको चित्र ॥

(३)

देश बनाउने जस्ता बुद्धिजिविहरु नेता बन्नबाट हटे किन
स्वार्थ मै झुल्ने बुढा नेता देशको कुर्चीमा सधैं खटे किन ।
पुरानै नेताको कुर्सी मोहले कहिले काँचुली फेर्ने देशले
लौन जाग युवा हो देश निर्माणमा सहयोगी हात घटे किन ॥

(४)

लक्ष्यमा पुग्ने त आफैले काम गरेर हो
दु:ख बुझ्ने भनेको दु:खमा मात्र परेर हो ।
मुटुभित्र गडेको याद कहाँ भुलिन्छ र
भुल्ने त केबल सदाको लागि मरेर हो ॥

(५)

सबैले भन्छन् चिन्ता पिर नगर नरोउ भनेर
मूटुभित्रको पीडा बेदना कहाँ सक्छु र गनेर ।
आफन्त गुमाउनुको पिडा असैह्य छ मनभरि
सक्नेभए सबै आत्मा फिर्ता दिन्थे यमदूत बनेर ॥

# नि:शुल्क आँखा शिविरमा १ सय ४६ को परीक्षण



**पवन जयसवाल/मध्यान्ह**
नेपालगन्ज, ८ असोज

बाँकेको नेपालगन्ज उप-महानगरपालिका वडा नं. ६ फुलटेक्रास्थित रहेके फत्तेबाल आँखा अस्पताल नेपालगन्ज र तेज कोहली रूइत फाउण्डेशनको संयुक्त सहकार्यमा नि:शुल्क आँखा शिविर सम्पन्न भएको छ।

बाँकेको डुडुवा गाउँपालिकाको स्वास्थ्य चौकीमा सञ्चालन गरिएको नि:शुल्क आँखा शिविरमा १ सय ४६ जनाको आँखा परीक्षण गरिएको छ।

यस्तै उनीहरुका लागि नि:शुल्क औषधि वितरण गरिएको छ भने ३६ जनाको नि:शुल्क मोतिबिन्दुको शल्यक्रिया गर्न फत्तेबाल आँखा अस्पताल फुल्टेक्रामा पठाइएको छ।

फत्तेबाल आँखा अस्पताल नेपालगन्जका प्रबन्धक कौशलकुमार वर्माका अनुसार पहिलो चरणको बृहत नि:शुल्क आँखा शिविर कारागार कार्यालय नेपालगन्जबाट शुरू भई बालसुधार गृह आसमान र भदौ २३ गतेदेखि असोज ७ गते सम्म नेपालगन्ज उप-महानगरपालिकाको २३ वटै वडामा नि:शुल्क आँखा शिविर सञ्चालन गरिएको बताए।

उक्त नि:शुल्क आँखा शिविरमा ३ हजार ५ सय ७६ जनाको आँखा परीक्षण गरी नि:शुल्क औषधि वितरण गरिएको उनले बताए। यस्तै ७ सय २६ जनाको नि:शुल्क मोतिबिन्दुको शल्यक्रिया गर्नका लागी फत्तेबाल आँखा अस्पताल फुल्टेक्रामा पठाइएको उनको भनाइ छ। शिविरबाट पठाइएकोमध्ये असोज ६ गते सम्म ३ सय ३० जनाको शल्यक्रिया भइ सकेको छ भने ३ सय ९६ जनाको शल्यक्रिया गर्न बाँकी रहेको जानकारी गराउँदै प्रबन्धक वर्माले शल्यक्रियाका लागी बिरामीहरूको आउने क्रम जारी रहेको बताए। अर्को चरणको बृहत नि:शुल्क आँखा शिविर फत्तेबाल आँखा अस्पताल र तेज कोहली रुइत फाउण्डेसनको संयुक्त सहकार्यमा यही असोज ११ गते देखि १४ गते सम्म बर्दियाको बारबर्दिया नगरपालिकाको सबै वडाहरूलाई समेट्ने गरी ८ स्थानमा सञ्चालन गरिने प्रबन्धक वर्माले बताए।

# कांग्रेस महाधिवेशन : प्रदेशसभा क्षेत्र सभापतिमा युवा नेता केसीको उम्मेद्वारी



**दिवश ढकाल/मध्यान्ह**
नुवाकोट, ८ असोज

नेपाली कांग्रेस यतिबेला पार्टीको आन्तरिक निर्वाचनमा व्यस्त छ। १४ औं महाधिवेशनका लागि पार्टीको वडा तहबाट कांग्रेसले निर्वाचन शुरु गरेको हो। पार्टीभित्र प्रतिस्पर्धी क्षमताको विकासका लागि पनि आन्तरिक निर्वाचनले महत्वपूर्ण भूमिका खेल्छ। वडा तहको निर्वाचन सम्पन्न भइरहँदा नगर र क्षेत्रको निर्वाचन पनि नजिकमा छ। यसका लागि कांग्रेसीजन उमेद्वारी घोषणा र चुनावी प्रचारमा लागिरहेका छन्।

पार्टीभित्र युवा पुस्ताको पकड हुनुपर्छ भन्ने मान्यताका आधारमा धमाधम उमेद्वारी घोषणा भइरहेका छन्। नुवाकोट क्षेत्र नम्बर १ को प्रदेश क्षेत्र 'क' को सभापतिका लागि युवा नेता सरोज केसीले उम्मेद्वारी घोषणा गरेका छन्।

'राजनीतिमा युवा पुस्ताको सक्रियता समयको माग र आवश्यकता बन्दै गएको छ', युवा नेता केसीले भने, 'त्यसैका लागि अग्रजलाई सम्मान, युवालाई मतदान भन्ने नारा लिएर प्रदेश सभा क्षेत्र सभापतिमा मैले उमेद्वारी दिएको हो।' केसी जोश, जाँगर र उत्साहका धनी छन्। त्यसलाई पार्टीको संगठन विस्तार र अभियानमा जोड्न सकिन्छ भन्ने उनलाई लागेको छ। 'मेरो सक्रियताको प्रयोग पार्टीले गर्नुपर्छ भन्ने मान्यता मैले राखेको छु', केसीले भने।

राजनीतिमा युवा पुस्ताको सक्रियता बढ्दै गएमात्र देशले विकासको गतिलिन सक्ने उनी बताउँछन्। विद्यार्थी राजनीतिबाटै खारिएका केसीले यस प्रदेश क्षेत्रको नेतृत्व सम्हाले भने साच्चैनै यस भेगको सर्वागिंण विकासमा छलाङ मार्न सक्छ भन्ने कुरा यहाँका प्रतिनिधिहरू बताउँछन्। राजनीतिक विश्लेषण गर्न सक्ने क्षमताका केसी शैक्षिक आन्दोलन र अभियानमा पनि सामेल हुँदै आएका छन्। निर्वाचन क्षेत्रका अग्रज नेता, युवा र साथीहरुको आफूप्रति ठूलो सद्भाव रहेको भन्दै नेता केसीले यसपटक सबैले साथ दिने अपेक्षा गरेका छन्। केसीले प्रदेश सभा क्षेत्र सभापति जित्नेमा आफूहरु ढुक्क भएको केसीका समर्थकहरुले दावी गरेका छन्।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६९/११/२२ मा दर्ता भएको **प्रा.लि. नं. ११०४२१** को **एयर इलाइट ट्राभल्स एण्ड टुर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/०६/०८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## आवश्यकता

यस क्लवको लागि निम्न संख्यामा दक्ष खेलाडिहरुको आवश्यकता परेको हुँदा इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र उल्लेखित ठेगानामा आवेदन दिनुहुन अनुरोध छ।

| सि.नं. | पद | संख्या | अनुभव |
|---|---|---|---|
| १ | क्रिकेट खेलाडि | ४ | सम्बन्धित पदमा दक्ष |

**सम्पर्क ठेगानाः**
क्लबको नामः पोखरा राइनोज
इमेलःpokhararhinos@gmail.com

## नासा सेक्यूरिटिज कम्पनी लिमिटेड
को
## चौधौ वार्षिक साधारण सभाको सूचना

प्रकाशित मिति : २०७८।०६।०९

मिति २०७८।०६।०७ गते बिहिवार बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम यस कम्पनीको चौधौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्नका लागि बस्ने भएको हुँदा सबै शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ।

**(१) सभा हुने मिति, समय र स्थान :**

- **मिति : २०७८।०६।३१ गते आइतवार ।**
- **समय : बिहान ९:०० बजे ।**
- **स्थान : कम्पनीको केन्द्रीय कार्यालय, नक्साल नागपोखरी ।**

**(२) साधारण सभामा छलफलका लागि प्रस्तुत गरिएका प्रस्तावहरू:**

**(क) सामान्य प्रस्ताव :**

१. सञ्चालक समितिका तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा,

२. कम्पनीका लेखापरिक्षकले आ.व. ०७७/०७८ को लेखापरिक्षण गरि तयार गर्नु भएको वासलात, नाफा नोक्सान हिसाब किताब तथा नगद प्रवाह विवरण तथा लेखापरिक्षण प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा,

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार कम्पनीको आ.व. ०७८/०७९ को लेखापरिक्षण गर्नका लागि लेखापरिक्षक नियूक्ति गरी निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा,

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु. ५,७५,००,०००।- (पाँच करोड पचहत्तर लाख रुपैयाँ मात्र) को ५००% (पाँच सय प्रतिशत) ले हुन आउने रकम बराबरको नगद लाभांश (बोनश शेयर तथा नगद लाभांशको कर समेत) वितरण गर्न स्वीकृत प्रदान गर्ने।

**(ख) विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु. ५,७५,००,०००।- (पाँच करोड पचहत्तर लाख रुपैयाँ मात्र) को १००% (शत प्रतिशत) ले हुन आउने रकम बराबरको वोनश शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने।

२. प्रवन्धपत्रमा संशोधन गर्ने।

(क) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिमको कम्पनीको हाल कायम अधिकृत पूँजीलाई समयानुकुल रुपमा बृद्धि गर्नु उपयूक्त भएकोले हाल कायम रहेको अधिकृत पूँजी रु. रु. १०,००,००,०००।- (अक्षरुपी दस करोड रुपैयाँ मात्र) लाई बृद्धि गरि रु. २०,००,००,०००।- (अक्षरुपी बीस करोड रुपैयाँ मात्र) बनाई यस कम्पनीको प्रबन्धपत्रको सम्बन्धित दफामा संशोधन गर्ने।

(ख) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिमको उल्लेखित बोनस शेयर समायोजन गर्न हाल कायम जारी पूँजी र चुक्ता पूँजी रु. ५,७५,००,०००।- (अक्षरुपी पाँच करोड पचहत्तर लाख रुपैयाँ मात्र) लाई बृद्धि गरि रु. ११,५०,००,०००।- (अक्षरुपी एघार करोड पचास लाख रुपियाँ मात्र) बनाई यस कम्पनीको प्रबन्धपत्रको सम्बन्धित दफाहरुमा संशोधन गर्ने।

(ग) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम प्रबन्ध-पत्रमा उपरोक्त बमोजिम हुने संशोधनलाई अभिलेख गर्ने क्रममा नियमनकारी निकायहरुबाट प्राप्त हुन आउने निर्देशन वा सुझाव बमोजिम परिवर्तन, परिमार्जन वा थपघट लगायत आवश्यक संशोधन गर्नुपर्ने भएमा त्यस्तो परिवर्तन, परिमार्जन वा थपघट लगायत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने।

**(ग) विविध**

**अध्यक्ष**


## कतारमा रोजगारको अवसर
कम्पनी: PURO CLEANING SERVICES
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०६/०६ चलानी नं.: ६०१६३५३१ LT. No.: 246358

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: QR | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 31 | 0 | स. काममा दक्ष | 1000 | ३२,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज १६ गते (2 October 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

ईजाजत नं. ९३४/०६७/०६८
**सिद्ध ग्लोबल सर्भिसेज प्रा. लि.**
बसुन्धारा-३, काठमाडौं, नेपाल, फोन नं. : ४९७०१४२, ४९७०१४३
Email: info.siddaglobalservices@gmail.com, Website: www.siddhaglobalsevices.com

## यूएईमा रोजगार
कम्पनी: AMINCO SECURITY SERVICES
शहर: DUBAI

पूर्व स्वीकृत मितिः २०७८/०५/२२ चलानी नं.: ६०१६२५७१ L.T. No.: 245223 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: AED | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1200 | ३८,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**प्रि-अन्तर्वार्ता लण्डन होटेल, इटहरीमा २०७८ असोज १२ र १५ गते (28 Sep. & 1 Oct. 2021) मा, पूर्वाञ्चल सेक्यूरीटी टेर्निङ एण्ड कन्सल्टेन्ट सेन्टर, बिर्तामोडमा २०७८ असोज १३ गते (29 Sep. 2021) मा र फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज १६ गते (2 Oct. 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Saptakoshi Human Resource Pvt. Ltd.**
Gov. Lic No. 884/067/068
Tilganga-9, Kathmandu Tel: +977- 1- 4483524, 4483525
Email: info@saptakoshihr.com | Mob.: 9851231775, 9817340294

## कतारमा रोजगार
१. कम्पनी: SWAN GLOBAL WLL
शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/०६/०८ चलानी नं.: ६०१६३६७५ LT. No.: 246453

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: QR | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३५,४३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | MASON | 20 | 0 | | 1100 | ३५,४३१ | | | | | | | |

२. कम्पनी: AL AALI INTL TRAD AND CONTRACTING
शहर: QATAR

पूर्व स्वीकृत मिति: २०७८/०६/०८ चलानी नं.: ६०१६३६७६ LT. No.: 245964

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: QR | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 115 | 0 | स. काममा दक्ष | 1000 | ३२,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज १६ गते (2 October 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**क्लासिक ओभरसिज मेनपावर प्रा. लि.**
Govt.Lic. No. 357/059/060
बत्तिसपुतली-९, गौशला, काठमाडौं, नेपाल, फोन नं. ०१-४५६५७५३ । मो.: ९८५१०५७९७४
Email: classicoverseas@gmail.com | Website: www.classicmanpower.com.np

## कतारमा रोजगार
१. कम्पनी : ADVANCED SOLUTION TRADING & CONTRACTING CO.
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०३/२५ चलानी नं.: ६०१५९९८८ LT. No.: 242196 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: QR | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 10 | 0 | स. काममा दक्ष | 1000 | ३२,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : AL QORDAB GENERAL TRADING & CONTG CO. W.L.L
शहर: Qatar

पूर्व स्वीकृत मितिः २०७८/०५/१८ चलानी नं.: ६०१६२३५६ LT. No.:244995 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: QR | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 6 | 0 | स. काममा दक्ष | 1000 | ३२,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : AL QORDAB GENERAL TRADING & CONTG CO. W.L.L
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७७/११/२५ चलानी नं.: ६०१५५१८९ LT. No.: 236669 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: QR | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plaster Worker | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,६५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Vehicle Driver | 1 | 0 | | 1900 | ६१,१९९ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज १६ गते (2 October 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ र २ नि:शुल्क क.नं. ३ रु. १००००।- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**सुर्या इन्टरनेशनल प्रा.लि.**
श्रम इजाजत नं. २७७/०५८/५९
बत्तिसपुतली, गौशाला, काठमाडौं, फोन नं. ०१- ४५६९९५२, ४५६९९५३,
E-mail : hr.suryanep@gmail.com, Web : www.suryanep.com
Mobile No.: 9818861357, 9823040845

## कतार र साउदीमा रोजगार
१. कम्पनी: BLACK MARINE JET SKI RENTAL
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०६/०८ चलानी नं.: ६०१६३७०० LT. No.: 246188

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: QR | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 3 | 0 | स. काममा दक्ष | 1700 | ५४,७५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: STONE & GRANITE WORLD CONTRACTING EST
शहर: DAMMAM

पूर्व स्वीकृत मितिः २०७८/०६/०८ चलानी नं.: ६०१६३७०७ LT. No.: 246381

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor/Worker | 5 | 0 | स. काममा दक्ष | 1000 | ३१,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज १६ गते (2 October 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ नि:शुल्क क.नं. २ रु. १००००।- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसाग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**बि. एस. ओभरसिज प्रा. लि.**
पो.ब.नं.: १५१४२, सामखुसी - ३, काठमाडौं, नेपाल
फोन नं.: ०१-४९६३३५८, ०१-४९८७४०२, ०१-४३६४४१०
श्रम इजाजत नं. ५४०/०६१/०६२
ISO 9001 : 2015 CERTIFIED Regd No : 19313/A/001/En
E-mail: info@bsoverseasnepal.com.np, bsoverseasnepal1@gmail.com
website: www.bsoverseasnepal.com.np

## कतारमा वैदेशिक रोजगार
१. कम्पनी: WOOD MASTERS
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०६/०८ चलानी नं.: ६०१६३६८३ L.T. No.: 246382

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: QR | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 2 | 0 | स. काममा दक्ष | 1000 | ३२,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: KHYBER PAKHTUN HOSPITALITY
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०६/०८ चलानी नं.: ६०१६३६८८ L.T. No.: 246383

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: QR | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Foreman | 1 | 0 | | 2500 | ८०,५०२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज १६ गते (2 October 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**LEADER OVERSEAS PVT. LTD.**
Gov. Lic No. 1408/074/075
Samakhushi-26, Kathmandu, Nepal, Tel: +977- 1- 4350391
Email: leaderoverseas2018@gmail.com

## साउदी र ओमानमा रोजगार
१. कम्पनी: MOHAMMED S.AL-AFNAN CONT.EST.
शहर: TANAURA

पूर्व स्वीकृत मितिः २०७८/०६/०८ चलानी नं.: ६०१६३६६९ L.T. No.: 246285

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor (Labour) | 19 | 0 | स. काममा दक्ष | 1200 | ३७,६०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: AJAAL AL GHAD LTD CO. FOR MAINTENANCE AND CLEANING
शहर: Jeddah

पूर्व स्वीकृत मितिः २०७८/०६/०८ चलानी नं.: ६०१६३६७१ L.T. No.: 246476

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 10 | 0 | स. काममा दक्ष | 1000 | ३१,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: PERFECT REFLECTION
शहर: MUSCAT

पूर्व स्वीकृत मितिः २०७८/०६/०८ चलानी नं.: ६०१६३६७० L.T. No.: 246551

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: OR | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Male) | 15 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ३०,५५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Anti Insects Worker | 5 | 0 | | 100 | ३०,५५४ | | | | | | | |
| 3. | Irrigation Worker/ Helper | 1 | 0 | | 100 | ३०,५५४ | | | | | | | |
| 4. | Looping Worker | 1 | 0 | | 120 | ३६,६६४ | | | | | | | |
| 5. | Merchandise Distributor | 1 | 0 | | 140 | ४२,७७५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज १६ गते (02 October 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | साउदीको नि:शुल्क ओमानको रु.१०,०००/- |

